# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, कात्तिक १६ गते २०३३ साल [ संख्या २८

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

भूमिगत जलस्रोत विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३३

भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "भूमिगत जलस्रोत विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा २ मा संशोधन: भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ (यसपछि मूल आदेश भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा– "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत भूमिगत जलस्रोत विकास परियोजना, भैरहवा–लुम्बिनी भूमिगत जलस्रोत विकास परियोजना तथा धनगढी भूमिगत जलस्रोत विकास परियोजना सम्झनुपर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधन: मूल आदेशको दफा ३ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छ:–

"(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन् :–

(क) सचिव, खाद्य, कृषि तथा सिचाइ मंत्रालय————————अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय————————सदस्य

(ग) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय————————सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग————————सदस्य

(ङ) महानिर्देशक, सिचाइ तथा जलवायु विज्ञान विभाग——सदस्य

(च) प्रतिनिधि, कृषि विभाग————————सदस्य

(छ) प्रतिनिधि, विद्युत् विभाग————————सदस्य

(ज) प्रतिनिधि, कृषि विकास बैंक————————सदस्य

(झ) परियोजना प्रमुख, भूमिगत जलस्रोत विकास परियोजना————————सदस्य–सचिव"

४. मूल आदेशको दफा ४ मा संशोधन: मूल आदेशको दफा ४ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छ:–

"(२) उप–दफा (१) को उद्देश्य पूर्तिको लागि समितिले देहायको कामहरू गर्न सक्नेछ:–

(क) भूमिगत जलस्रोतको अन्वेषणको साथै सिचाइ, खानेपानी वा अन्य उपयोगका लागि नलकुप निर्माण गर्ने वा गराउने,

(ख) सिचाइमा प्रयोग हुने नलकुपहरूको संचालन तथा पानीको वितरण व्यवस्था आफैले वा अन्य कुनै संस्थाबाट गर्ने वा गराउने,

(ग) परियोजना संचालनको लागि श्री ५ को सरकार र कुनै विदेशी राष्ट्र वा कुनै अन्तर्राष्ट्रिय संस्था वा एशियाली विकास बैंकका बीचको ऋण वा सहयोगसम्बन्धी सम्झौतामा उल्लेखित कामहरू गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) परियोजनाको निर्माण, संचालन वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

(ङ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,

(च) परियोजना संचालन हुने क्षेत्रलाई परियोजना क्षेत्र तोक्ने,

(छ) भूमिगत जल सिचाइ सुविधा उपलब्ध भएको परियोजना क्षेत्रमा पानी दस्तूर तोक्ने र सो दस्तूर उठाउने व्यवस्था समेत मिलाउने,

(ज) परियोजना क्षेत्रमा भूमिगत जल सिचाइद्वारा सघन कृषि विकास कार्यक्रम संचालन गर्नेको लागि आवश्यक पर्ने रिजर्भ्वायर, च्यानल, सडक, ढल, गोदामघर, विद्युत्, इत्यादिको व्यवस्था गर्ने वा गराउने,

(झ) कृषिसम्बन्धी सहकारी संस्थाहरूमा समन्वयको प्रवन्ध मिलाउने,

(ञ) कृषिको लागि ऋण तथा अन्य साधनहरू सुलभ गराउने,

(ट) कृषकहरूलाई आधुनिक कृषि प्रणाली बारे बोध गराउने,

(ठ) कृषि विकासको लागि आवश्यक तथ्याँक संकलन गर्ने,

(ड) खेतमा गर्नुपर्ने निर्माण कार्य (फिल्ड च्यानल) सम्बन्धित कृषकद्वारा गराउने व्यवस्था गर्ने र सम्बन्धित कृषकले त्यस्तो निर्माण कार्य नगरेमा समितिले नै सो काम गरी लागेको खर्च निजबाट असूल उपर गर्ने तथा त्यसरी निर्माण कार्य पूरा भै सकेपछि मात्र सिचाइको लागि पानी उपलब्ध गराउने,

(ढ) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।"

५. मूल आदेशमा दफा ४. क. थप: मूल आदेशको दफा ४ पछि देहायको दफा ४. क. थपिएको छ:–

"४. क. परियोजना उप–समिति गठन गर्न सकिने: (१) समितिले आवश्यकतानुसार परियोजना समन्वय उप–समितिहरू गठन गर्न सक्नेछ ।

(२) परियोजना समन्वय उप–समितिको सदस्यहरू तथा काम कर्तव्य समितिले तोकेबमोजिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को उप–दफा (१) को सट्टा देहायको उप–दफा (१) राखिएको छः–

(१) प्रत्येक परियोजनाको लागि छुट्टा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत अन्य कुनै स्रोतबाट प्राप्त सहायता रकम वा ऋण ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

## सूचना

खाद्य ऐन, २०२३ को दफा १ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐन देहायका जिल्लाका सम्पूर्ण क्षेत्रमा मिति २०३३।११।१ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

१. कास्की
२. स्याङ्जा
३. पाल्पा
४. कपिलवस्तू ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विभाग अन्तर्गत तरकारी खेती गरी बीउ बीजनहरू उत्पादनको लागि राप्ती अञ्चल, रुकुम जिल्ला, साखं गाउँ पञ्चायत वडा नं. ९ मा पर्ने बञ्चरेको पूर्व नजरीखोला, पश्चिम पानाखोला, उत्तर महेन्द्रबहादुर शाहीको घर बारी र जीतबहादुरको जग्गा, दक्षिण नरनारायण शाहीको घर जग्गा र तेर्सो बाटो यति ४ किल्लाभित्रको १९९८ सालको मोठबमोजिम रुकुम मालमा दर्ता भएको खेत ।२६।१३।६ (छब्बीस मुरी तेह्र पाथी छ माना) को तिरो रू. १९।१७।१ (उन्नाईस रूपैयाँ सत्र पैसा एक दाम) लागेको दर्तावाला मोही मध्ये निम्नलिखित खलाहरूको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. मोठ नं. ५ को दर्ता भएको दर्तावाला मोही शेरबहादुरको खेत ।२।३।६ को तिरो रू. ।१४ लागेको खला– १

२. मोठ नं. ३ मा दर्ता भएको दर्तावाला मोही महेन्द्रबहादुर शाहीको खेत ।०।१० को तिरो रू. ।८ को खला– १

३. मोठ नं. ४ मा दर्ता भएको दर्तावाला मोही जीतबहादुर शाहीको खेत ।१।१७।४ को तिरो रू. ।१५ लागेको खला– १

४. मोठ नं. ५ मा दर्ता भएको दर्तावाला मोही निलध्वज शाहीको खेत ।२।३।६ को तिरो रू. ।१४ लागेको खला– १

५. मोठ नं. १ मा दर्ता भएको दर्तावाला मोही नूरजङ्ग शाहीको खेत।३।७।४ को तिरो रू. ।२३ लागेको खला– १

६. मोठ नं १ मा दर्ता भएको दर्तावाला मोही यतु भण्डारीको खेत ।१।१३।६ को तिरो रू. ।८ लागेको खला– १

७. मोठ नं. ६ मा दर्ता भएको दर्तावाला मोही बुधे मगरको खेत ।३।१५।० को तिरो रू. ।२९ लागेको खला– १

८. मोठ नं. ४ मा दर्ता भएको दर्तावाला मोही तिलबूढा मगरको खेत ।१।५।० को तिरो रू. ।११ लागेको खला– १

९. मोठ नं. २ मा दर्ता भएको दर्तावाला मोही पुनेबूढाको खेत ।३।२।४ को तिरो रू. ।२५ लागेको खला– १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मोठ नं. २२ मा दर्ता भएको दर्तावाला मोही नरनारायण शाहीको खेत ।२।५।० को
तिरो रू. ।१६ लागेको खला– १

११. मोठ नं. ४ मा दर्ता भएको दर्तावाला मोही रूद्रबहादुर शाहीको खेत ।०।१२।४ को
तिरो रू. ।५ लागेको खला– १

१२. मोठ नं. १ मा दर्ता भएको दर्तावाला मोही सेते रावलको खेत ।१।१३।६ को तिरो
रू. ।१२ लागेको खला– १

१३. मोठ नं. ५ मा दर्ता भएको दर्तावाला मोही महेन्द्रबहादुर शाहीको खेत ।२।४।० को
तिरो रू. ।१४ लागेको खला–

१४. मोठ नं. १ मा दर्ता भएको दर्तावाला मोही शेरबहादुर शाहीको पा. १ को तिरो रू.
१।१६।२ लागेको पाखो खला– १

१५. द. नं. २ मा भएको दर्तावाला मोही महेन्द्रबहादुर शाहीको को १ को तिरो रू. ।७६
लागेको पाखो खला– १

१६. द. नं. ३ मा दर्ता भएको दर्तावाला मोही जीतबहादुर शाहीको ह. १ को तिरो रू.
१।५४ लागेको पाखो खला– १

१७. द. नं. ४ मा दर्ता भएको दर्तावाला मोही निलध्वज शाहीको को .०.१ को तिरो रू.
।७६ लागेको पाखो खला– १

१८. द. नं. १० मा दर्ता भएको दर्तावाला मोही नरनारायण शाहीको को. ०.१ को तिरो
रू. ।७६ लागेको पाखो खला– १

१९. द. नं. ११ मा दर्ता भएको दर्तावाला मोही नरनारायण शाहीको पा. १ को तिरो रू.
।१२ लागेको पाखो खला– १

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।